नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (संघीय मामिला महाशाखा)

## सिंहदरबार काठमाडौं

फोन:०१-४२००
४२००
www.mofaga.gov
सिंहदरबार, काठमाण

प.सं.: ०७६/७७
च.नं.: १२०

मिति २०७७।०३।११

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १७८ मिति २०७७।०३।०८ को पत्रसाथ प्राप्त **'कोरोना भाइरस कोभिड-१९ महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७'** यसैसाथ संलग्न छ । सोबाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

..................
बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री सुचना प्रविधि शाखा : Website मा Upload गरीदिनुहुन ।

# कोरोना भाइरस (कोभिड -१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७

<u>प्रस्तावनाः</u> सेवा केन्द्र तथा पुर्नस्थापना केन्द्र लगायतका आश्रयस्थलमा आश्रित व्यक्तिहरूलाई विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट जोगाउन तथा महामारीको अवधिमा संक्रमण हुन नदिन पूर्ण सुरक्षाका उपायहरु अपनाएर सुरक्षित तथा सुव्यवस्थित तरिकाले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन वाञ्छनिय भएकोले,

सुशासन (व्यवस्था तथा संचालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको मापदण्ड बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "कोरोना भाइरस (कोभिड१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड,२०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "आश्रयस्थल" भन्नाले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ बमोजिमको सेवा केन्द्र र विभिन्न सरकारी तथा गैर सरकारी संस्थाद्वारा सन्चालित पुर्नस्थापना केन्द्र समेतलाई सम्झनुपर्छ ।

(ख) "प्रभावित व्यक्ति" भन्नाले आश्रयस्थलमा सेवा लिइरहेका कोरोना भाइरसको लक्षण देखिएका वा नदेखिएका तथा संक्रमण पुष्टि भएका महिला तथा निजसँग आश्रित बालबालिका सम्झनुपर्छ र सो शब्दले महामारी तथा वन्दावन्दीको अवधिमा आश्रयस्थलमा सेवा लिन आउने अन्य पीडित व्यक्ति समेतलाई जनाउँछ ।

(ग) "क्वारेन्टिन स्थल" भन्नाले कुनै रोगको संक्रमण फैलन सक्ने अवस्थांलाई आँकलन गरी उक्त संक्रमित इलाका वा संक्रमितको सम्पर्कमा रहेको वा कुनै स्थानमा रहेका सम्भावित जोखिम भएका व्यक्तिलाई वाह्य सम्पर्कबाट छुट्याई तोकिएको स्थान वा घरमा कम्तीमा १४(चौध) दिन सम्म अलग्गै राखिने स्थललाई जनाउँछ ।

(घ) "आइसोलेसन कक्ष" भन्नाले कोरोना भाइरसको संक्रमणको संभावना, लक्षण देखि परीक्षण प्रतिवेदन आउनु अघि तथा परीक्षण पछि रोगको संक्रमण पुष्टी भएका व्यक्तिलाई निर्धारित मापदण्ड अपनाउँदै उपचार गर्नका लागि प्रयोग गरिने स्थान भन्ने बुझिन्छ ।

(ङ) "स्थानीय तह" भन्नाले संबिधान बमोजिम स्थापना भएका गाउँपालिका र नगरपालिका सम्झनुपर्छ ।

३. <u>मापदण्डको उद्देश्यः</u> यो मापदण्ड तर्जुमा गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीको अवधिमा सेवा केन्द्र तथा पुर्नस्थापना केन्द्र संचालनका साबिकका मापदण्ड कायमै राखी थप सुरक्षाका उपाय अपनाएर सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) हिंसा पीडित, गर्भवति तथा सुत्केरी महिला र बालबालिकालाई महामारी तथा बन्दाबन्दीको अवधिमा पनि आश्रयस्थलमा भर्ना लिई सुरक्षित रुपमा सेवा प्रवाह गर्ने।

(ग) आश्रयस्थलका आवासीय कर्मचारी तथा आश्रितलाई कोरोना भाइरसको संक्रमणबाट सुरक्षित राख्न, जोखिमलाई घटाउन र सेवालाई सुचारू राख्न मार्ग दर्शन गर्ने ।

## परिच्छेद—२

## न्यूनतम मापदण्ड

४. **आश्रयस्थलमा पालना गर्नुपर्ने न्यूनतम मापदण्डः** (१) आश्रयस्थलमा बसिरहेका दुई हप्तादेखि बाहिर कसैको सम्पर्कमा नआएका तथा कोरोना भाइरस सम्बन्धी कुनै पनि लक्षण नदेखिएका व्यक्तिहरूलाई सुरक्षा सम्बन्धी सबै नियम पालना गरी एक अर्काबीच कम्तिमा एक मिटर भौतिक दुरीको पालना गराई सँगै राख्न सकिनेछ।

(२) आश्रयस्थलमा आश्रय लिन आउने नयाँ प्रभावित व्यक्तिलाई १४ दिनसम्म अनिवार्य क्वारेन्टिनमा राखी नियम ५ मा उल्लेख गरिएको प्रक्रिया अनुसार व्यवस्था गर्न सकिनेछ।

(३) बन्दाबन्दीको समयमा अति आवश्यक कर्मचारी आश्रयस्थलमा आवासीय रुपमा रही अन्य कर्मचारी, मनोविमर्शकर्ता, कानूनी परामर्शकर्ताले आवश्यक सेवा फोन मार्फत दिने व्यवस्था मिलाउनु पर्नेछ।

(४) आश्रयस्थलमा रहेका प्रभावितलाई बन्दाबन्दी अवधिभरका लागि बस्ने अवधि थप गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) आश्रयस्थलमा आवत जावत सुचारु गर्नु भन्दा अगाडि महामारीको अवस्था थाहा पाउन नियमित रुपमा सम्बन्धित स्वास्थ्य संस्थासँग सम्पर्क स्थापित गरिरहनु पर्नेछ ।

(६) महामारी तथा बन्दाबन्दीको अवधिमा आश्रयस्थलमा रहेका प्रभावित तथा कर्मचारीले अत्यावश्यक काममा बाहेक बाहिर निस्कन हुदैन । खाद्यान्न तथा अन्य आवश्यक सामग्री खरिद गर्न जानु परेमा एक जना मात्र बाहिर जाने गर्नु पर्दछ। यसरी बाहिर जानु पर्ने व्यक्तिले निम्न कुराहरू पालना गर्नु पर्नेछः–

(क) अरू व्यक्तिहरूसँग कम्तिमा एक मिटरको दुरी कायम राख्ने।

(ख) मास्कको अनिवार्य प्रयोग गर्ने, खोक्दा वा हाच्छ्यूँ गर्दा कुहिनोले मुख छोप्ने।

(ग) आश्रयस्थलमा फर्किएपछि जुत्ता अनिवार्य रूपमा बाहिरै फुकाल्ने।

(घ) सबै सामानहरूलाई झिकेर एक ठाउँमा राख्ने।

(ङ) प्याक गरिएका थैलाहरूलाई सावधानीपूर्वक नष्ट गर्ने।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

(च) अन्य वस्तु छुनुअघि साबुन पानीले २० सेकेन्डसम्म मिचीमिची राम्ररी हात धुने।

(छ) बाहिरबाट ल्याएका धुन मिल्ने वस्तुहरू धुने।

(७) बन्दाबन्दीको समयावधि थपिन सक्ने अवस्थालाई मध्यनजर गर्दै आश्रयस्थलमा निम्न सामग्रीहरुको व्यवस्था गर्नु पर्नेछः–

(क) खाद्यान्न, अन्य आवश्यक सामग्रीहरु तथा डिग्निटी किट (स्यानीटरी प्याड तथा डायपर आदि),

(ख) थर्मोमिटर (सम्भव भएसम्म सम्पर्क रहित),

(ग) मास्क (कपडा वा मेडिकल),

(घ) साबुन तथा स्यानीटाइजर,

(ङ) भुईं तथा सतह सफा गर्ने क्लोरिन,

(च) प्यारासिटामोल तथा खोकी, चिसो र शरीरको दुखाईको लागि स्थानीय चिकित्सकको सल्लाह अनुसारको औषधि।

(८) आश्रयस्थलमा रहेका प्रभावित व्यक्तिहरू, आवासीय तथा गैर आवासीय कर्मचारी सबैको ज्वरो तथा कोरोनाका सम्भावित लक्षणहरू दिनहुँ मापन गर्नु पर्नेछ।

(९) कोरोना भाइरसको उपचारको लागि तोकिएको नजिकको अस्पताल र उपलब्ध क्वारेन्टिन केन्द्रको विवरण राखी सोसँग सम्बन्धित सबै सूचना लिनु पर्नेछ। आवश्यक परेको खण्डमा आश्रयस्थलबाट अस्पतालसम्म प्रभावित व्यक्तिहरूलाई लैजाने ल्याउने व्यवस्थाका लागि यातायातको व्यवस्था मिलाउनु पर्नेछ।

५. <u>क्वारेन्टिन सम्बन्धी व्यवस्थाः</u> (१) आश्रयस्थलमा आश्रय लिइरहेका कोरोना भाइरसको लक्षण देखिएका प्रभावित व्यक्ति तथा नयाँ आउने लक्षण देखिएका वा नदेखिएका सबै प्रभावित व्यक्तिलाई १४ दिनसम्म अनिवार्य रूपमा अलग्गै कोठामा आइसोलेट गरी क्वारेन्टिनमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२) आश्रयस्थलमा झ्याल र छुट्टै शौचालय भएको क्वारेन्टिन कक्षको व्यवस्था गर्नु पर्नेछ । सामूहिक शौचालय प्रयोग गर्नु परेमा दफा १३ बमोजिमको नियमहरु पालना गर्नु पर्नेछ ।

(३) क्वारेन्टिन कक्ष अपांगता, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका मैत्री हुनुपर्नेछ।

(४) ज्वरो, खोकी, श्वास बढ्ने जस्ता कोरोना भाइरससँग मिल्ने लक्षणहरू देखिएका प्रभावित व्यक्ति वा आश्रयस्थलमा नयाँ आउने प्रभावित व्यक्तिको कोरोना भाईरसको जाँच गर्ने व्यवस्था मिलाई अस्पतालको सल्लाह अनुसार क्वारेन्टिन कक्ष प्रयोग गर्न सकिनेछ।

(४) आश्रयस्थलमा स्थान अभाव छ भने समान लक्षण देखिएका अथवा नयाँ प्रभावित व्यक्तिहरूलाई चिकित्सकको सल्लाहअनुसार एउटै आइसोलेसन कक्षमा राख्न सकिनेछ। यसो गर्दा

दफा ४ बमोजिमका शर्तहरु अनिवार्य पालना गरी कम्तिमा १ मिटरको भौतिक दुरी कायम राख्नु पर्नेछ।

(५) क्वारेन्टिन कक्षमा दफा ४ को उपदफा (७) बमोजिमको आवश्यक सामग्रीहरूका साथै आश्रित बालबालिकाका लागि अध्ययन, मनोरञ्जन लगायतका सामग्रीहरूको व्यवस्था गर्नुपर्नेछ र यस्ता सामग्रीहरू सतह सफा गर्ने क्लोरिनले दिनहुँ सफा गरि किटाणुरहित बनाउनुपर्नेछ । सो व्यवस्थापन गर्दा अपांगता भएका व्यक्तिहरुको फरक आवश्यकतालाई समेत ध्यान ध्यान दिई व्यवस्थापन गर्नु पर्नेछ ।

(६) प्रभावित व्यक्तिलाई सुरक्षा सम्बन्धी नियमको जानकारी दिएर मात्र मोबाइल फोन प्रयोग गरी मनोसामाजिक विमर्श लिन र परिवारका सदस्यहरूसँग कुराकानी गर्न भने अनिवार्य अनुमति दिनु सकिनेछ र फोन रिचार्जको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(७) बन्दाबन्दीको अवधिमा लैङ्गिक हिंसाका घटनामा बृद्धि हुने संम्भावना भएकाले क्वारेन्टिनमा थप कोठा तथा बेड आवश्यक पर्न सक्ने हुँदा स्थानीय तहसँग सहकार्य गरी देहाय बमोजिम आवश्यक व्यवस्था मिलाउन सकिनेछः–

(क) हिंसा प्रभावित व्यक्तिहरूलाई क्वारेन्टिनमा राख्न नयाँ स्थान (जस्तै होटल, सामुदायिक हल) को पहिचान गरी सम्भावित स्थानहरूमा प्रभावितहरूको संरक्षण र सुरक्षाको व्यवस्था मिलाउने।

(ख) सम्बन्धित स्थानीय तहले तोकेका स्थानहरूमा बेड, पिउने पानी, खाना, डिगनिटी किट तथा प्रभावित व्यक्ति र निजको साथमा रहेका बालबालिकालाई ब्यस्त राख्न आवश्यक सामग्रीहरूको व्यवस्था गर्ने।

(घ) प्रभावित व्यक्तिहररूका लागि सरसफाईका सामाग्री साबुन तथा स्यानिटाइजरको व्यवस्था गर्ने।

(ङ) मुद्दा ब्यवस्थापन, सूचना आदानप्रदान तथा मनोसामाजिक सहायताका लागि सञ्चारको व्यवस्था मिलाउने।

६. <u>आश्रयस्थलमा रहेका सबैलाई सम्बन्धित विषयमा देहाय बमोजिम जानकारी गराउनु पर्नेछः-</u>

(क) आश्रयस्थलमा रहेका सबै प्रभावित व्यक्तिलाई कोरोना भाइरसको महामारी, यसका लक्षणहरू, रोकथामका उपायहरू, आश्रयस्थलको व्यवस्थापन, बन्दाबन्दी (Lockdown), नेपाल सरकारले जारी गरेको सूचना तथा स्वास्थ्य लगायत चिकित्सकीय रेखदेखका सम्बन्धमा सम्बन्धित निकायहरुसँग गरी रहेको समन्वय परामर्श गरी आवश्यक जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) आश्रयस्थलमा रहेका प्रभावितहरूलाई ज्वरो आएमा, खोकी लागेमा, टाउको दुखेमा वा जीउमा कुनै असहज महसुस भएमा तुरुन्त आश्रयस्थल प्रमुखलाई जानकारी गराउनु पर्नेछ ।

(ग) आश्रितमा रोगको कुनै लक्षण देखिएमा आश्रयस्थलबाट निकाल्न पाइने छैन। तत्कालै स्वास्थ्यकर्मीको सल्लाह बमोजिम निजको उपयुक्त रेखदेख र उपचारको प्रबन्ध गर्नु पर्नेछ।

(घ) आश्रयस्थलमा रहेका कसैलाई रोगको लक्षण देखिएमा निजले परिच्छेद ४ मा उल्लेख भएका नियमहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(ङ) आश्रयस्थलमा रहेका सबैले पालना गर्नुपर्ने देहाय बमोजिमका रोकथाम सम्बन्धी नियमहरू मौखिक तथा प्रदर्शन गरेर नियमित जानकारी गराउनु पर्नेछः—

(१) साबुन पानीले २० सेकेण्डसम्म मिचिमिचि बारम्बार हात धुने।

(२) अन्य ब्यक्तिसँग सम्पर्क भए र कुनै वस्तु छोए पछि नियमित हात धुने।

(३) हातले अनुहार, नाक, मुख तथा आँखामा नछुने।

(४) खोक्दा वा हाच्छ्यूँ गर्दा सकेसम्म नाक मुख कुहिनोले ढाक्ने वा रूमाल, टिस्यू पेपरको प्रयोगगर्ने ।

(५) टिस्यु पेपरलाई डस्टबिनमा फाल्ने र हात धुने।

(६) खोक्दा वा हाच्छ्यूँ गर्दा प्रयोग गरेको रूमाल वा कपडा धोएर सुकाउने।

(७) खोक्दा वा हाच्छ्यूँ गर्दा हातको प्रयोग भएमा तुरुन्तै २० सेकेन्डसम्म मिचिमिचि साबुन पानीले हात धुने।

(८) सामुहिक कामहरू गर्दा, टेलिभिजन हेर्ने समयमा, प्रशिक्षण वा योग गर्दा वा अन्य यस्तै सामूहिक गतिविधि गर्दा सबैले कम्तिमा १ मिटर भौतिक दुरी कामय राख्ने।

(९) कसैलाई खोकी लागेमा वा सिंगान बगेमा सामान्य कपडाको मास्क प्रयोग गर्ने।

(१०) एउटा बेडमा एकजना मात्र सुत्ने प्रबन्ध गर्ने।

(११) प्रत्येक व्यक्तिले छुट्टा छुट्टै तौलिया प्रयोग गर्ने तथा प्रयोग गरेपछि राम्ररी सुकाउने र नियमित साबुन वा सर्फले धुने।

(१२) तन्ना तथा लुगाहरू एक अर्कामा साटेर प्रयोग नगर्ने र एकै ठाउँमा नराख्ने।

(१३) सामूहिक रूपमा प्रयोग गरिने शौचालय र नुहाउनेस्थान आफुले प्रयोग गरिसकेपछि अनिवार्य रूपमा सरसफाइ गरि किटनासक औषधी छर्ने व्यवस्था मिलाउने ।

(१४) धेरै व्यक्तिले बारम्बार छुनेस्थान, टेबुल, ढोकाको चुकुल, ह्यान्डल, बत्तीको स्वीच, मेच, फोन, किबोर्ड, शौचालय, धारा तथा पानीको निकास नियमित रूपमा कम्तिमा दिनको दुई पटक किटाणु रहित गर्ने। सोको लागि ७० प्रतिशत अल्कोहल भएको स्यानिटाइजर वा साबुन पानीको प्रयोग गर्न सकिने।

(च) आश्रयस्थलमा रहेका व्यक्तिहरूलाई आवश्यकता अनुसारमनोसामाजिक परामर्श दिने व्यवस्था गर्नुपर्नेछ । यसका लागि आवश्यक परेमा अन्य निकायसँग समन्वय र सहयोगमा गर्न सकिनेछ।

(छ) प्रभावित व्यक्ति सबैलाई कोरोना भाइरस सम्बन्धी जानकारी लिनको लागि तोकिएको आधिकारिक वा स्वास्थ्य संस्थाको फोन नम्बर उपलब्ध गराउनु पर्नेछ। अफवाह तथा गलत समाचार प्रति सचेत रही नेपाल सरकार, विश्व स्वास्थ्य संगठन र अस्पताल जस्ता विश्वसनीय स्रोतबाट आएका सूचनाहरू मात्र दिने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद—३

## नयाँ प्रभावित व्यक्तिको व्यवस्थापन

७. आश्रयस्थलमा नयाँ व्यक्ति भर्ना लिँदा अपनाउनु पर्ने नियमहरूः (१) कुनै पनि नयाँ प्रभावित व्यक्तिलाई महामारीको अवधिमा भर्ना लिनु परेमा आश्रयस्थलमा भर्ना गर्नुपूर्व सम्भव भएसम्म नजीकको सम्बन्धित स्वास्थ्य सस्थासँग समन्वय गरी चिकित्सकको सल्लाहअनुसार परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

(२) परीक्षणको व्यवस्था भएको वा नभएको भएता पनि नयाँ प्रभावित व्यक्तिलाई रोगको लक्षण देखिए वा पनि १४ दिनसम्म छुट्टै कोठामा दफा ५ बमोजिमको क्वारेन्टिनमा राख्नु पर्नेछ।

(३) यसरी राखिएका व्यक्तिको थर्मोमीटरको प्रयोग गरी नियमित तापक्रम जाँच्ने तथा तापक्रमको रेकर्ड राख्नु पर्नेछ।

(४) प्रभावित व्यक्तिलाई सामान्य अवस्थामा गरिने अभिमुखीकरण र स्वागतका अतिरिक्त दफा ६ मा उल्लेखित नियमका सम्बन्धमा पनि जानकारी गराउनु पर्नेछ।

(५) आश्रय स्थलमा आउने प्रभावित व्यक्तिको व्यक्तिगत विवरण (जस्तैः उमेर, लैङ्गिकता, दीर्घ रोगको कारण नियमित औषधि सेवन गरीरहेको, अपाङ्गता भएका महिलाको हकमा

निजको फरक आवश्यक्ता अनुसार प्रयोग भएका सामग्री र औषधिको नाम आदि) दस्तावेजीकरण गर्नुका साथै उल्लेखित मेडिकल सेवा लगायतका आवश्यक सेवाहरूको व्यवस्था गर्नु पर्नेछ।

(६) प्रभावितको सम्पूर्ण जानकारी राख्न आश्रयस्थलको नियमित फारम भराउनु पर्नेछ। प्रभावितलाई देहाय बमोजिमको प्रश्नहरू सोधी प्राप्त जवाफ निजको केस फाइलमा राख्ने व्यवस्था मिलाउनु पर्नेछः–

(क) गत १४ दिन भित्र नेपाल बाहिर कतै भ्रमण गरेको थियो कि थिएन वा भर्खरै नेपाल बाहिरबाट आएकाहरूसँग घुलमिल भएको थियो कि थिएन,

(ख) खोकी, ज्वरो, श्वास बढ्ने जस्ता कोरोना भाइरससँग मिल्ने कुनै लक्षण देखिएका छन् कि छैनन्,

(ग) गर्भवती सुत्केरी अवस्था,

(घ) मुटु, फोक्सोको रोगी, मधुमेह, क्यान्सर, दम जस्ता स्वास्थ्य समस्याबाट पीडित भएको वा नभएको सम्बन्धि जानकारी,

(ङ) बारम्बार संक्रामक रोगले सताइरहने गरेको छ कि? तथा कुपोषणबाट प्रभावित भएको छ छैन ? भन्ने जानकारी ।

(६) माथिको प्रश्नमा छ वा हो भन्ने सकारात्मक उत्तर आएमा चिकित्सक वा आधिकारिक अस्पताललाई जानकारी गराइ प्राप्त सल्लाह आवश्यककारवाही अगाडी बढाउनुपर्नेछ ।

(७) नयाँ व्यक्तिलाई अस्पताल पठाउनु पर्ने सल्लाह प्राप्त भएमा दफा १० को उपदफा (२) मा दिइएको निर्देशन अनुसार अस्पताल पठाउनु पर्नेछ।

(८) अस्पतालबाट आश्रयस्थलमै आइसोलेसनमा राख्ने सल्लाह प्राप्त भएमा दफा १० को उपदफा (१) मा दिइएको निर्देशन बमोजिम आइसोलेसनमा राख्नु पर्नेछ।

८. <u>प्रभावितले आश्रयस्थल छोडे पश्चातको सुरक्षा योजनाः</u> (१) प्रभावितले आश्रयस्थल छोडेपछि सामान्य परिस्थितिमा प्रभावितका लागि सुरक्षा योजना तयार गर्नु पर्नेछ ।

(२) कोरोना भाइरस परीक्षण तथा उपचारको लागि अस्पताल गएका प्रभावित व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै पनि समयमा क्वारेन्टिनमा जानुपर्ने प्रभावित व्यक्तिको लागि कार्ययोजना बनाई सोहि बमोजिम आवश्यक कार्य गर्नु पर्नेछ ।

(४) मनोसामाजिक विमर्शकर्ता, मुद्दा हेर्ने व्यक्ति तथा स्थानीय आश्रयदाताको फोन नम्बर तथा हेल्पलाइन नम्बर सबैलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४

## कोरोना भाइरसका लक्षण देखिएका व्यक्तिको व्यवस्थापन

९. <u>आश्रयस्थलमा रहेका व्यक्तिलाई कोरोना भाइरसको लक्षण देखिएमा गर्नु पर्ने कार्यहरुः</u> (१)प्रभावित व्यक्ति कसैलाई खोकी, ज्वरो र श्वासप्रश्वास सम्बन्धी लक्षणहरू देखिएमा देहाय बमोजिम गर्नुपर्नेछः–

(क) कोरोना भाइरसको सम्भावित लक्षण हुनसक्ने कुराको जानकारी गराउने,

(ख) प्रचलित कानून बमोजिम आधिकारिक स्वास्थ्य निकायलाई जानकारी गराउने तथा स्वास्थ्य निकायको मार्गदर्शन बमोजिम लक्षण देखिएको व्यक्तिलाई आश्रयस्थलमै आइसोलेसनमा राखी वा परीक्षण र उचित हेरचाहको लागि अस्पतालमा पठाउने व्यवस्था गर्ने,

(ग) लक्षण देखिदैमा नआत्तिन तथा धेरै व्यक्तिलाई अस्पताल नगए पनि निको हुनसक्छ भन्ने कुराको जानकारी गराउने,

(घ) रोगको बारेमा, उपचारको बारेमा तथा चिकित्सकको सल्लाह बमोजिम कोरोना भाइरस परीक्षणको नेगेटिभ नतिजा नआइन्जेल र पूर्ण निको नभएसम्म अनिवार्य सुरक्षित आइसोलेट रहनु पर्ने जानकारी गराउने,

(ङ) गर्भवती,सुत्केरी वा कुनै दीर्घकालीन स्वास्थ्य समस्याबाट पीडित र कुपोषित भए नभएको जानकारी लिई उपचार गरिरहेको स्वास्थ्यसँस्थालाई जानकारी गराई देखिएका लक्षणहरूको विषयमा चिकित्सकलाई जानकारी गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम काम गर्ने,

(च) लक्षण देखिएका प्रभावित व्यक्तिलाई अलग्गै कोठामा सारेर आइसोलेसनमा राख्ने,

(छ) प्रभावित व्यक्तिलाई मास्क लगाउन दिने तथा यसको प्रयोग गर्ने विधि प्रदर्शन गरेर सोहि बमोजिम प्रयोग गर्न सिकाउने,

(ज) प्रभावित व्यक्तिलाई रोगथामका सबै उपायहरू अनिवार्य रूपमा पालना गर्न लगाउने तथा निजहरूको हेरचाहका लागि सबै आवश्यक उपायहरू अवलम्बन गरिने कुराको जानकारी गराउने।

१०. <u>आइसोलेसन कक्षः</u> (१) आश्रयस्थललाई नै आइसोलेसनको रुपमा प्रयोग गर्नु परेमा देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछः—

(क) आइसोलेसनमा राखिने प्रभावित व्यक्तिलाई दफा ६ मा उल्लेखित विषयका सम्बन्धमा जानकारी गराउने,

(ख) प्रभावित व्यक्तिलाई चिकित्सक वा अस्पतालको सल्लाह बमोजिम पर्याप्त तातोपानी, तरल खानेकुरा र औषधि दिने व्यवस्था मिलाउने,

(ग) प्रभावित व्यक्तिहरूमा देखिएका लक्षणहरूको निरन्तर अनुगमन गर्ने, ज्वरो घटबढ वा श्वासप्रश्वासमा नियमित चेकजाच गरि आवश्यकता अनुसार उपचार गर्ने,

नेपाल सरकार ... सिंहदरबार, काठमाडौं

(घ) चिकित्सक वा अस्पताललाई विरामीको सम्बन्धमा अद्यावधिक जानकारी गराइ रहने तथा आइसोलेशनमा रहँदा कुनै लक्षण देखियो भने चिकित्सकको सल्लाह बमोजिम गर्ने,

(ङ) आइसोलेशनमा रहेको प्रभावित व्यक्ति र निजको साथमा रहेको बालबालिकाको हेरचाहको लागि दैनिक तालिका बनाएर काम गर्ने,

(च) प्रभावित व्यक्तिकोसामान्य अवस्थामा जस्तै मुद्दाको प्रक्रिया नियमित रूपमा अघि बढाउने। कानूनी परामर्श, मनोसामाजिक विमर्श आवश्यक भएमा फोन मार्फत उपलब्ध गराउने,

(छ) आइसोलेशनमा राखिएको प्रभावितव्यक्तिलाई खाना दिंदा निज बसेको कोठाको ढोकामा राखी दिने, खाना खाइसकेपछि प्रयोग भएका भाँडाहरु साबुन पानीले राम्ररी पखालेर ढोकामा छोड्न लगाउने, जिम्मेवार व्यक्तिले उक्त भाडा उठाएर सुरक्षित तरीकाले साबुन पानीले पुनः सफा गर्ने र साबुन पानीले राम्ररी हात धुने,

(ज) अन्य व्यक्तिहरूले आइसोलेसनमा रहेका व्यक्तिसँग ढोकाबाहिर बाटै निश्चित दुरी कायम गरी परामर्श गर्न सक्ने व्यवस्था मिलाउने ।

(२) संक्रमित प्रभावितव्यक्तिलाई अस्पतालले अस्पताल नै ल्याउन सल्लाह दिएको अवस्थामा देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछः—

(क स्वास्थ्यकर्मीको सल्लाह अनुसार प्रभावित व्यक्तिलाई आश्रयस्थलबाट स्वास्थ्यसंस्थासम्म लैजानको लागि सुरक्षित यातायातको व्यवस्था मिलाउनु पर्नेछ।

(ख) अस्पतालसँग विरामीको स्वास्थ्य अवस्थाका सम्बन्धमा नियमित सूचना प्राप्त गर्नका लागि समन्वय गर्नु पर्नेछ।

(ग) प्रभावित व्यक्तिलाई रोग परीक्षण लगायत उपचार प्रक्रियाको बारेमा जानकारी नियमित गराउनु पर्नेछ।

(घ) प्रभावित व्यक्तिका साथमा आश्रित बालबालिका भएमा उनीहरुको पनि परीक्षण गराइ आइसोलेसनमा राखेर उपचार गर्नु पर्नेछ।

(ङ) प्रभावितसँगै रहेका बालबालिका अलग्गै बस्नु पर्ने भएकोले आश्रय स्थलले यस विषयमा स्थानीय तह वा बालबालिकाको हेल्पलाइन सेवामा सम्पर्क गरी बालबालिकाको हेरचाहको लागि आवश्यक व्यवस्थापन गर्नु पर्नेछ । सो कुराको जानकारी प्रभावित व्यक्तिलाई दिनु पर्नेछ ।

(च) स्थानीय तहलाई बालबालिको आश्रयको लागि सिफारीस गर्दा बालबालिकाको व्यक्तिगत विवरण पनि दिनु पर्नेछ । विवरण दिँदा बालबालिका र आमाको संरक्षण तथा सुरक्षाको लागि गोपनीयता सुनिश्चित गर्नु पर्नेछ ।

(छ) स्वास्थ्य संस्थामा पठाउनुभन्दा पहिले प्रभावित व्यक्ति तथा निजका बालबालिकाले आश्रयस्थलका परामर्शदाताबाट उचित मनोसामाजिक विमर्श प्राप्त गर्ने कुरामा सुनिश्चितता गर्नु पर्नेछ ।

(ज) आश्रयस्थलमा बसेको कोही व्यक्ति अस्पताल गएपछि निज बसेको कोठा तथा पुरै आश्रयस्थललाई सरसफाइ गरी किटाणुरहित गर्नु पर्नेछ । आश्रयस्थलमा रहेका सबैबाट स्वच्छता सम्बन्धी सबै उपायहरू अवलम्वन गरिने कुराको सुनिश्चितता गर्नुपर्नेछ ।

(३) कुनै प्रभावित व्यक्तिलाई परीक्षणको नतिजा पोजिटिभ आई अस्पताल भर्ना गर्नु पर्ने भएमा देहाय बमोजिमको कार्यहरु गर्नु पर्नेछः—

(क) प्रभावित व्यक्ति अस्पतालमा रहँदाको स्वास्थ्य प्रगतिको निरन्तर जानकारी लिइरहनु पर्नेछ ।

(ख) आश्रयस्थलमा रहेका कर्मचारी लगायत सबैको परीक्षण गर्नु पर्नेछ ।

(ग) आश्रयस्थललाई सबै क्वारेन्टिन गराउने, सबैलाई जानकारी गराउने तथा आवश्यक भएमा निजका परिवारलाई समेत जानकारी गराउनु पर्नेछ ।

(घ) अन्य व्यवस्था स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सल्लाह अनुसार गर्नु पर्नेछ। संस्थाको प्रमुखलाई आवश्यक सहायताको लागि जानकारी गराउनु पर्नेछ ।

(ङ) अस्पतालले डिस्चार्ज गरे पछि डिस्चार्ज गरिएका व्यक्तिका साथै निजका साथमा रहेका निजका बालबालिकालाई समेत आश्रयस्थलमा साथै ल्याउनु पर्नेछ ।

(च) आश्रयस्थलमा ल्याए पछि निजलाई मनोसामाजिक परामर्श दिई अवश्यकता अनुसारका सुविधाहरू उपलब्ध गराउनु पर्नेछ ।रोकथामका उपायहरू अपनाउँदै सामान्य अवस्था सरह आश्रयस्थलमा सबै गतिविधिहरूमा सहभागी गराउनु पर्नेछ ।

११. <u>आश्रयस्थलमा आमाको साथमा रहेका बालबालिकाहरूका लागि विशेष प्रबन्धः</u> (१) आमा अस्पताल भर्ना भएर उपचार गराउनु पर्ने भएमा साथमा रहेको बालबालिकाको संरक्षण र हेरचाहको लागि स्थानीय तहसँगको समन्वय र परामर्शको आधारमा आवश्यक व्यवस्थापन गर्नु पर्नेछ ।

(२) आमाबाट अलग बस्नु पर्ने कुरा र अवस्थाको बारेमा जानकारी गराइ बालबालिकालाई तयार पार्न आमालाई सहयोग गर्नुका साथै फोन मार्फत सम्पर्कमा रही रहनका लागि व्यवस्था मिलाउनु पर्नेछ।

(३) आश्रयस्थलमै बालबालिकाको रेखदेख गर्ने अवस्था भएमा आमाको सहमति लिई बालबालिकाको हेरचाह र संरक्षणको बन्दोबस्त मिलाउनु पर्नेछ । यस अवधिमा निजहरुको नियमित फोन सम्पर्कको व्यवस्था गर्नु पर्नेछ ।

(४) आश्रयस्थलमा बालबालिका राख्ने अवस्था नभएमा वा आमा र वच्चाले नजिकको आफन्तकोमा बस्न चाहेमा देहाय बमोजिमको उपाय अवलम्बन गर्नु पर्नेछः—

(क) स्थानीय तहसँगको समन्वयमा आमाको डिस्चार्ज नभएसम्मको लागि बालबालिकालाई हेरचाहको लागि नजिकको आफन्तकोमा राखे विषयमा समन्वय गर्ने,

(ख) उक्त अवधिमा बालबालिकाको लागि हुन सक्ने जोखिमको मूल्यांकन गर्ने,

(ग) यसका लागि बाल हेल्पलाइनसँग परामर्श गर्ने,

(घ) बालबालिकालाई रेखदेख गर्ने आफन्तको अनिवार्य मन्जुरी लिनु पर्ने,

(ङ) यस अवधिमा फोन मार्फत नियमित सम्पर्कको व्यवस्था गर्ने।

तर आमाको दुध खाइरहेको बालबालिकाको हकमा भने सम्बन्धित चिकित्सकको सल्लाह बमोजिम गर्नु पर्नेछ ।

(५) आश्रयस्थलमा बालबालिका राख्नको लागि अर्को आश्रयस्थलको खोजी गर्नु पर्ने भएमा स्थानीय तहको समन्वयमा खोजी गरी माथि उल्लेख भए बमोजिमका उपायहरु अपनाउनु पर्नेछ।

(६) उपचारका क्रममा आमाको निधन भएमा साथमा रहेको बालबालिकाको रेखदेख र संरक्षणको लागि स्थानीय तह, स्थानीय प्रहरी र निजको नजिकका नातेदारको समन्वयमा रेखदेख र संरक्षणको व्यवस्था गर्नु पर्नेछ ।

१२. <u>आश्रय स्थलमा रहने गर्भवति तथा सुत्केरी महिलाको लागि देहाय बमोजिम विशेष प्रबन्ध व्यवस्था गरिनेछः-</u>

(क) स्थानीय तह, स्वास्थ्यकर्मी र आश्रयस्थल व्यवस्थापनसंगको संयुक्त समन्वय र सहयोगमा गर्भवति तथा सुत्केरी महिलाको संरक्षण, हेरचाह, औषधी तथा पौष्टिक आहारको व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) यस अवधिमा निज गर्भवति तथा सुत्केरी महिला र शिशुको नियमित चेकजाँच र सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) गर्भवति तथा सुत्केरी महिला हिंसाबाट जोगउन आवश्यक महिला सुरक्षाकर्मिको व्यवस्था मिलाउनु पर्नेछ।

(घ) गर्भवति तथा सुत्केरी महिलाको घर परिवारसंग नियमित फोन सम्पर्क गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) आश्रयस्थलमा नियमित स्वास्थ्य जाँच गर्दा गर्दै गर्भवति तथा सुत्केरी मृत्यु भएमा, आश्रयस्थल व्यवस्थापन सम्बन्धित स्थानीय तह र परिवारको समन्वय प्रचलित कुलधर्म परम्परा अनुसार दाहसंस्कार समेतको व्यवस्था मिलाउनु पर्नेछ।

१३. <u>सामूहिक शौचालय स्वच्छ र सफा राख्ने:</u> (१) आइसोलेसनमा रहने व्यक्तिका लागि छुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ ।यदि एउटै शौचालयको प्रयोग गर्नु परेमा यस मापदण्डमा उल्लिखित शौचालय व्यवस्थापन सम्बन्धी सामान्य नियमको अतिरिक्त निम्नानुसारको व्यवस्था गर्नुपर्नेछः—

(क) महिला, पुरुष, अपांगता भएका व्यक्तिका लागि छुट्टा छुट्टै नुहाउने कोठा र शौचालय व्यवस्था गर्नु पर्नेछ

(ख) सावधानी पूर्वक पर्याप्त सरसफाई गरेर मात्रै शौचालय प्रयोग गर्ने ।

(ग) प्रत्येक व्यक्तिले आफुले प्रयोग गरेपछि शौचालय अनिवार्य सफा गर्ने ।

(घ) आइसोलेसनमा रहेको व्यक्तिले छुट्टा छुट्टै तौलियाको प्रयोग गर्ने ।

(ङ) माथि उल्लेखित नियमहरु आइसोलेसनमा रहेका वा नरहेका आश्रयस्थलमा बसेका सबैको हकमा लागू हुनेछ ।

(२) पूर्व सावधानीका उपायहरू अनिवार्य रुपमा पूर्ण अनुसाशनका साथ पालना गर्नुपर्ने कुरा आइसोलेसन तथा आश्रयस्थलमा बसेका सबै प्रभावित तथा कर्मचारीलाई जानकारी गराउनु पर्नेछ।

(३) आइसोलेसनमा बसेकै कारणले आश्रितहरूलाई कुनैपनि हिंसा वा दूर्व्यवहार गर्न पाइने छैन। त्यस्तो गरेको सूचना वा उजुरी प्राप्त भएमा कानून बमोजिम कारवाहि गरिनेछ।

१४. <u>आश्रयस्थलमा कार्यरत कर्मचारीले आफ्नो लागि अपनाउनुपर्ने सावधानी:</u> कोरोना भाइरसको महामारीको समयमा प्रभावितहरूको नजिक रहेर सेवा प्रदान गर्ने आश्रयस्थलका कर्मचारीले आफ्नो तनाव व्यवस्थापन गर्न तथा अन्य सुरक्षाका लागि आवश्यकता अनुसारका देहाय बमोजिमको उपाय अपनाउन पर्नेछ ।

(क) दैनिक तालिका बनाएर तनाव व्यवस्थापनका उपायहरु अपनाउने, उचित षोषणयुक्त स्वस्थ खानपानमा ध्यान दिने, परिवार र शुभेच्छुकहरू संगको नियमित सम्पर्कमा रहने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) परिवारका सदस्यमा संक्रमण देखिएमा यस मापदण्डमा उल्लेख भए बमोजिम र अन्य प्रचलित कानूनमा व्यवस्था भएका भएका उपायहरूको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(ग) परिवारका बिरामी सदस्यको हेरचाह गर्नु पर्ने भएमा सुपरभाइजरसँग सल्लाह गरी निजको सट्टामा काम गर्ने कर्मचारीको व्यवस्था गरि विदाको व्यवस्था मिलाइने छ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) परिवारको कोही सदस्यले मनोसामाजिक विमर्शकर्तासँग कुरा गर्न चाहेमा आश्रयस्थलले सोको समन्वय गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

१५. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) यस मापदण्ड उल्लेख भएबमोजिम आश्रयस्थलमा कार्य भए नभएको सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, कार्यान्वयनका लागि गठित समिति तथा राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० अन्तर्गत गठित संरक्षण विषयगत क्षेत्र हेर्ने समितिहरूले गर्नेछन् । यसका साथै गर्भवति, सुत्केरी महिला र अन्य महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरुको सम्बन्धमा नियमित रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, सम्बन्धित प्रदेश सामाजिक बिकास मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले समेत अनुगमन गर्न सक्नेछन् ।

(२) यस मापदण्डमा उल्लिखित व्यवस्थाको कार्यान्वयनको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

## परिच्छेद-६

## <u>विविध</u>

१६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य थप विषयहरु समावेश गर्न आवश्यक देखिएमा प्रचलित कानुन बमोजिम आश्रयस्थलमा रहने व्यक्तिको सेवा, सुविधाका विषयहरु समावेश गर्न गरिनेछ ।

१७. <u>संशोधनः</u> कोरोना भाइरसको जोखिम बढ्दै गएमा मन्त्रालयले यस मापदण्डमा उल्लिखित सेवा सुविधाका विषय बाहेक अन्य विषयहरुमा समेत आवश्यकतानुसार थपघट गर्न सक्नेछ ।